नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५- ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७७/७८
चलानी नम्बर -: २५९८
प्राप्त पत्र संख्या

मिति -:२०७७।०९।०१

विषयः निर्णय कार्यान्वयन गर्नु गराउनु हुन ।

श्री स्थानीय तहहरु सबै, तनहुँ ।

गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं १७०५, मिति २०७७।०८।२३को पत्रसाथ प्राप्त मिति २०७७।०८।२३ गते मंगलवार माननीय गृहमन्त्री राम बहादुर थापा "बादल" ज्युको अध्यक्षता नन्दीजन्य पदार्थको उत्खनन संकलन, बिक्रि वितरण व्यवस्थापन र क्रसर तथा बालुवा प्रशोधित उद्योग सञ्चालन सम्बन्धमा बसेको बैठकले गरेका तपशिलका निर्णयहरु प्रभावकारी रुपमा अनिवार्य कार्यान्वयनका लागि अनुरोध छ ।

तपशिल

१. विना दर्ता/अनुमति संचालित क्रसर तथा बालुवा प्रशोधन उद्योग बन्द गर्ने । दर्ता/अनुमति प्राप्त भएका तर मापदण्ड पुरा नगरेका उद्योगको हकमा उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रलाय/सम्बन्धित स्थानीय तहले त्यस्ता उद्योगहरुबाट मापदण्ड पालनाको समयबद्ध, कार्ययोजना सहितको प्रतिवद्धता लिई मनासिव माफिकको समयावधि दिई मापदण्ड पुरा गरे पछि मात्र उद्योग संचालन गर्न दिन ।
२. हाल घाटगद्दिमा मौज्जात रहेको नन्दिजन्य पदार्थको परिमाण एकिन गरि बिक्री वितरणको अभिलेख राखी व्यवस्था मिलाई प्रशोधित/अप्रशोधित ढुङ्गा, गिट्टि, बालुवाको भईरहेको बिक्री वितरणलाई निरन्तरता दिने ।
३. नदिजन्य पदार्थको उत्खनन संकलन, बिक्रि वितरण व्यवस्थापनको जिल्ला अनुगमन समितिबाट प्रभावकारी रुपमा अनुगमन गर्ने । मापदण्ड विपरित संचालन भएको पाइएमा कानुन बमोजिम कारबाही गर्ने/गराउने ।

२०७७।०९।०१

(राममणी मिश्र)
प्रशासकिय अधिकृत
प्रशासकीय अधिकृत